# Capacity Building Training of Center Mobilizer

## 2075 Baishakh 6, Birgunj Regional Office




निर्धन उत्थान लघुबित्त बित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय बिरगंजको आयोजनामा मिति २०७५ बैशाख ६ गते बिरगंजमा **"Capacity Building Training of Center Mobilizer"** सम्पन्न गरिएको छ । उक्त तालिममा क्षेत्रीय कार्यालयबाट क्षेत्रीय प्रमुख र कार्यक्रम अधिकृतहरुको उपस्थितीमा बिरगंज क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुका केन्द्र परिचालकहरुको सहभागिता रहेको थियो । तालिममा २५ जना सहभागी रहेको थिए ।



कार्यक्रममा केन्द्र बैठक संचालनमा केन्द्र परिचालकको भूमिका, कर्जा जोखिम ब्यवस्थापन, सदस्य तथा ऋणी बृद्धि गर्ने उपायहरु, संस्थाको सेवा सुविधाहरुको बारेमा सहभागीहरुलाई जानकारी गराइएको थियो । यसका साथै कार्यक्रममा कर्जा सदुपयोगिता, परियोजना बिश्लेषण र ग्राहक / अन्तरबैक्तिक सम्बन्धको बारेमा जानकारी गराइएको थियो भने उक्त तालिममा केन्द्र परिचालकहरुले आ-आफ्नो अनुभव आपसमा साटासाट गर्ने अवसर पनि प्राप्त गरेका थिए ।


CAPACITY BUILDING TRAINING OF CENTER MOBILIZER

